प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्राविधिक एस.एल.सी तहको २४ महिने औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रममा रजिष्ट्रेशन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना ।।।

(सूचना प्रकाशित मितिः २०७६/०८/२७)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्द्वारा दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना र नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि परियोजना-दोस्रो (EVENT-II) बाट **नि:शुल्क सञ्चालन** गरिएको प्राविधिक एस.एल.सी. तहको **२४ महिना** अवधिको औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रम सञ्चालनको सम्बन्धन/स्वीकृती पाएका शिक्षण संस्थाहरुमा उक्त तहको शैक्षिक सत्र २०७६/७७ का लागि लिईएको प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना भएका प्रशिक्षार्थीहरुको रजिष्ट्रेशन फाराम २०७६ साल पौष १६ गते भित्रमा नियमित शुल्कमा र २०७६ साल माघ २ गते भित्र विलम्ब शुल्कमा तपशिल अनुसारको प्रक्रिया पुऱ्याई परिषद् परीक्षा नियन्त्रण कार्यालयको रजिष्ट्रेशन शाखामा फाराम बुझाउनुहुन सम्बन्धित सम्पूर्ण शिक्षण संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयभित्र रजिष्ट्रेशन फाराम नबुझाएमा पछि रजिष्ट्रेशन नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ र सो को जिम्मेवारी सम्बन्धित शिक्षण संस्था तथा प्राचार्यको हुने व्यहोरा समेत सबैको लागि जानकारी गराइन्छ ।

**शर्तहरुः**

१. परीक्षा नियन्त्रण कार्यालयवाट शैक्षिक सत्र २०७६/७७ का लागि लिईएको २४ महिना औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) प्राविधिक एस.एल.सी तहको प्रवेश परीक्षामा सामेल भई भर्ना भएका विद्यार्थीहरुको मात्र रजिष्ट्रेशन फाराम भराउनु पर्नेछ ।

२. परिषद्वाट स्वीकृत कोटा अनुसारको मात्र विद्यार्थी संख्या हुनु पर्नेछ ।

३. परिषद्वाट कार्यक्रम सञ्चालनको सम्बन्धन/स्वीकृती पाएका निजी शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- र संस्थागत विकास शुल्क रु. ५००।- गरी रु.१०००। (अक्षरुपी एक हजार) बुझाउनु पर्नेछ ।

४. परिषद्का आंगिक, साझेदारी, सरकारी/सामूदायिक विद्यालय अन्तरगत संचालित शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुको हकमा रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- लाग्नेछ ।

५. *सम्बन्धित शिक्षण संस्थाहरुले रजिष्ट्रेशनको नियमित शुल्क बुझाउने अन्तिम मिति **२०७६ पौष १७ गते** तथा विलम्ब शुल्क बुझाउने अन्तिम मिति **२०७६ माघ ३ गते** सम्म तोकिएको छ ।*

६. परीक्षा नियन्त्रण कार्यालयको सानोठिमी स्थित रा.वा.वैंकको खाता च.हि.नं १७३०००००११०१ मा रजिष्ट्रेशन वापतको शुल्क जम्मा गरेको सक्कल भौचर र शिक्षण संस्थाको पत्र तथा तालीम संचालनको अनुमति पत्र रजिष्ट्रेशन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

७. **रजिष्ट्रेशन फारामहरु** CTEVT **को** Web Based Online Integrated Training Management System (ITMS) **मा भर्ना भएका परीक्षार्थीहरुको प्रवेश परीक्षाको फाराम** ITMS Online **मा** Entry **गरि Registration Form ITMS Online मा** Submit **गर्नु पर्नेछ । परीक्षार्थीहरुको रजिष्ट्रेशन फाराम ITMS Online मा** Submit **भएका रजिष्ट्रेशन समष्टिगत अनुसार मिलाई Plastic Coated Index File मा फाईल गरी पेश गर्नु पर्नेछ । कार्यक्रम अनुसारको रजिष्ट्रेशन समष्टिगत फारामको प्रमाणित Hard Copy (Printed Copy) समेत एक प्रति सोहि फाईलमा संलग्न हुनु** पर्नेछ ।

८. रजिष्ट्रेशन फारामसाथ प्रवेश परीक्षाको नतिजाको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्रहरु तथा नागरिकता/जन्म दर्ताको प्रमाणपत्र र प्रवेश परीक्षाको प्रवेश पत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

९. नेपाल बाहेक अन्य देशबाट एस.एल.सी./एस.ई.ई वा सो सरहको परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीहरुले ***अन्य शैक्षिक प्रमाण पत्रका साथै समकक्षता प्रमाणपत्र र माईग्रेशन प्रमाणपत्रको सक्कल प्रति*** पेश गर्नुपर्नेछ ।

१०. यो सूचना, रजिष्ट्रेशन फाराम र फाईलिङ्ग सम्बन्धी कार्य सूची (Check list) परिषद्को वेभसाइट **www.ctevt.org.np** मा उपलब्ध हुनेछ ।

**नोटः** CTEVT को Web Based Online Integrated Training Management System (ITMS) को User and Password को लागि परिषद्बाट सम्बन्धन प्राप्त (Apprenticeship) तालीम कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाहरुले आफ्नो संस्थाको Letter Pad मा TSLC तह संचालन भइरहेका कार्यक्रमहरु तथा सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर उल्लेख गरि ctevtoce.itms@gmail.com मा e-mail गर्नु पर्नेछ । बिस्तृत जानकारीका लागि प.नि.का को फोन नं ०१-६६३०३४२ मा सम्पर्क गरी प्राविधिक एस.एल.सी तहको रजिष्ट्रेशन शाखा Ext १०८ मा बुझ्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**